# कोभिड वित्त व्यवस्थापनको पारदर्शिता र जवाफदेहिता

## नेपाल

International Budget Partnership

FREEDOM FORUM

"A Nepali CSO (civil society organization) dedicated to democracy, human rights and governance"

# नेपालमा कोभिड वित्त व्यवस्थापन

नेपाल र दक्षिण एशीया क्षेत्रमा नै कोभिड-१९ को अत्याधिक प्रभाव पऱ्यो । नेपालमा कोभिड-१९ को संक्रमण पहिलो पटक २०२० को जनावरी महिनामा देखिएको थियो भने संक्रमण रोकथामका लागि सरकारले मार्च महिनादेखि देशव्यापी बन्दाबन्दी गरेको थियो । सो क्रममा आन्तरिक र बाह्य हवाई उडान बन्द गरिएको थियो भने वैदेशिक सीमामा आवत जावत बन्द गरिएको थियो । बन्दाबन्दीका प्रावधान केहि खुकुलो बनाउँदा कोभिड-१९ को संक्रमण पुनः तिब्र गतिमा  बढ्न थालेपछि २०२० को जुलाईमा थप नियन्त्रणका कदम चालिएको थियो ।

महामारीसँग जुध्नका लागि कडा मेहनत गर्नुपर्दा सरकारले अपेक्षा गरिए भन्दा धेरै चुनौती सामना गर्नुपरेको थियो । उसले कोभिडको कारण सिर्जित परिस्थितीसँग जुध्न उद्योग र व्यवसाय सुचारु गर्नका लागि उत्प्रेरणा प्याकेज, असंगठित क्षेत्रमा काम गर्ने श्रमीक वर्गका लागि राहत प्रदान गर्ने सम्बन्धि निर्देशिका तथा कोभिडको प्रभावका कारण बन्द भएका उद्योग, पेशा र व्यवसायका लागि पुनरकर्जा कार्यविधि लगायतका चार प्रमूख  आपत्कालीन वित्तीय प्याकेज अघि सारेको थियो ।

आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्य मार्फत तत्कालिन अर्थमन्त्री युवराज खतिवडाले थप अस्पताल निर्माण लगायत स्वास्थ्य सेवामा सुधार, साना तथा मझौला उद्योग तथा पर्यटन व्यवसायका लागि सहुलियतपूर्ण कर्जाको प्रवन्ध लगायतका सहयोग, श्रममा आधारित निर्माण तथा उत्पादन तथा सेवा क्षेत्रका कार्यमा आधारित सीपमुलक तालिमका माध्यमबाट रोजगारी सिर्जनामा केन्द्रित कार्यक्रम घोषणा गरेका थिए । त्यस अतिरिक्त सामाजिक सुरक्षा अन्तर्गत बालबालिका अनुदान विस्तार गरी ११ जिल्लाबाट २५ जिल्लामा पुऱ्याउने घोषणा पनि सरकारले गरेको थियो ।

कोभिड- १९ ले देशको अर्थतन्त्रमा गम्भिर प्रभाव पार्नुका साथै आर्थिक असमानता बढ्ने अवस्था उत्पन्न भएको छ । महामारीको प्रभाव निकै असमान रह्यो र राज्यको सेवा सुविधाबाट बञ्चित समुह यसबाट ज्यादा प्रभावित भए । उनीहरू स्वास्थ्य र आर्थिक समस्यामा परे र थप जोखिममा धकेलिए । यस्तो चुनौतिपूर्ण परिस्थितिबाट  देशलाई मुक्त गर्नमा सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ ।

**नेपालको कोभिड प्रतिकार्य कति खुला र जवाफदेहि रहेको छ त ?**

महामारी प्रतिकार्य खुला र जवाफदेहि रुपमा सञ्चालन गर्नु भनेको सरकारले नागरिकको हितप्रतिको प्रतिवद्धता जाहेर गर्नुमात्र नभई भ्रष्टाचारको जोखिम र सार्वजनिक स्रोत दुरुपयोग न्यूनिकरण गर्नेदेखि थप समतापूर्ण प्रभावकारी प्रतिफलसहित सवैलाई वास्तविक सुविधा उपलब्ध गराउनु पनि हो । अर्को शब्दमा भन्नुपर्दा, महामारी प्रतिकार्य प्रक्रियामा सिघ्र वा सिमितताको गुञ्जायस हुँदैन । आफ्नो जिम्मेवारी खुला र आपसी सहकार्यका माध्यमबाट अघि बढाएमा संकटको समयमा पनि जवाफदेहिता संभव हुन्छ । अत्यावश्क र सिघ्र प्रतिकार्यका नाममा जवाफदेहिताको पक्षलाई वेवास्ता गरिनुहुन्न ।

# परिचय

यसै सन्दर्भमा २०२० र २०२१ मा कोभिड- १९ को कारणले उत्पन्न संकटकालीन परिस्थितीको सामना गर्न बजेट वक्तव्यमार्फत अघि सारिएका स्वास्थ सेवा, व्यवसाय सहायता तथा रोजगारी सिर्जनाका विधि लगायतका वित्तीय नीतिमा आधारित प्याकेज कार्यक्रमको द्रुत लेखाजोखाका लागि नेपाल लगायत १२० देशका नागरिक समाजका साझेदारहरूले इन्टरदेशनल बजेट पार्टनरसीप (आइबीपी) सँग मिलेर काम गरेका थिए । लेखाजोखा सन् २०२० को मार्च देखि सेप्टेम्बर महिनासम्मलाई आधार बनाएर गरिएको थियो । लेखाजोखा गर्नुको लक्ष्य सरकारले निर्धारित कार्यक्रम कसरी व्यवस्थित गर्‍यो भन्ने कुराको लेखाजोखा गर्नुमात्र नभई वर्तमान कोभिड- १९ को समस्या र भविष्यमा आउनसक्ने संकटको अझ राम्रो तरिकाले व्यवस्थापन गर्न सघाउन सिकाईहरू हाँसिल गर्नु हो ।

*चित्र १ : वित्तीय नीतिले अघि सारेका कोभिड प्रतिकार्य प्रतिकार्य कार्यक्रममा जवाफदेहिताको स्तर*

| जवाफदेहिताको तह | देशको संख्या (१२० देशमध्ये) | देशहरू |
|---|---|---|
| निकै राम्रो | ० | |
| प्रयाप्त | ४ | अष्ट्रेलिया, नर्वे, पेरु, फिलिपिन्स |
| केहि | २९ | बंगलादेश, ब्राजिल, बुल्गेरिया, क्यानडा, चिली, कोलम्बीया, कोष्टारिका, कोयशिया, फिजी, प्रान्स, जर्मनी, इन्डोनेशिया, इटली, जमैका, जापान, किर्जिज गणन्त्र, मंगोलिया, न्यूजिल्याण्ड, नाइजेरिया, पाराग्वे, पोल्याण्ड, पोर्चुगल, सेएरालियोन, स्लोभाकिया, स्लोभेनिया, दक्षिण अफ्रिका, स्वेडेन, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका |
| सीमित | ५५ | अफगानिस्तान, अंगोला, अर्जेन्टिना, अर्मेनिया, अजरबैजान, बोलिभिया, बोस्नीया हर्जगोभिना, बोट्स्वाना, क्यामरुन, चीन, कोट सडएलभोर, चेक गणतन्त्र, डोमिनिकन गणतन्त्र, इक्वेडर, एल्साल्भाडोर, जर्जीया, घाना, ग्वाटेमाला, हन्डुरस, जोर्डन, काजकस्थान, केनिया, लेसोथो, लाइबेरिया, म्यासेडोना, मडागास्कर, मलेसिया, माली, मेक्सीको, माल्दोभा, मोजाम्बीक, नामिबिया, नेपाल, निकारागुवा, नाइजर, पाकिस्थान, पपुवा न्यू गिनी, रोमानिया, रसिया, रुवाण्डा, सेनेगल, सर्वीया, सोमालिया, दक्षिण कोरिया, स्पेन, श्रीलंका, साओ तोमे प्रिन्सिपी, थाइल्याण्ड, टिमोर लेष्टे, टोगो, ट्रीनिडाड एण्ड टोबागो, युगाण्डा, युक्रेन, भियतनाम, जाम्बिया |
| नगन्य | ३२ | अल्बानिया, अल्जेरिया, बेनिन, बुर्किया फासो, बुरुण्डी, कम्बोडिया, चाद, कोमोरोस, प्रजातान्त्रिक गणतन्त्र कंगो, इजीप्ट, इक्वाटोरियल गिनी, स्वाटिनी, इथियोपिया, हंगेरी, भारत, इराक, लेवनान, मलावी, मोरक्को, म्यानमार, कतार, साउदी अरेवीया, दक्षिण सुडान, सुडान, ताजकिस्तान, तान्जनीया, जाम्बीया, ट्युनिसिया, टर्की, भेनेजुयाला, एमन, जिम्वाब्वे । |

यस क्रममा आपत्कालीन वीत्तीय नीति प्याकेज सम्बन्धी द्रुत लेखाजोखाका सान्दर्भिक सूचनाको सार्वजनिक पहुँच, संसदीय र महालेखा परीक्षकको निगरानी र नागरिक संलग्नताका अवसर जस्ता जवाफदेहिताका तीन महत्वपूर्ण आधार स्तम्भमा ध्यान दिइएको छ । उल्लेखित तीन स्तम्भले जनताको आवश्यकता पुरा गर्नमा स्रोतसाधनको उपयोग भएको सुनिश्चित गर्न र सरकारलाई जवाफदेहि बनाउन मद्दत गर्छन् ।

# प्रमूख ठम्याईहरू

## प्रमूख ठम्याईहरू: सीमीत पारदर्शिता र नगन्य नागरिक संलग्नताका अवसरहरू तर जवाफदेहिता सुदृढ गर्नसक्ने भरोसायोग्य निगरानी अभ्यास

यो लेखाजोखाको ठम्याईले नेपालमा उत्प्रेरणा र प्रतिकार्य प्याकेजहरूको समग्र पारदर्शिता सीमीत रहेको र ती प्याकेज तर्जुमा र कार्यान्वयनमा नागरिक संलग्नता नगन्य रहेको देखाउँछ । निगरानीका विधि निर्माण गरी प्रतिकार्य र पुनर्लाभमा जवाफदेहिता कायाम गर्ने अवसरहरू छन् ।

चित्र १ मा देखाइए अनुसार कोभिड प्रतिकार्यको प्रक्रियामा सीमित जवाफदेहिता भएका मुलुकको सूचिमा नेपाल पनि रहेको छ ।

| | | |
|---|---|---|
| सीमित | ५५ | अफगानिस्तान, अंगोला, अर्जेन्टिना, अर्मेनिया, अजरबैजान, बोलिभिया, बोस्नीया हर्जगोभिना, बोट्स्वाना, क्यामरुन, चीन, कोट सडएलभोर, चेक गणतन्त्र, डोमिनिकन गणतन्त्र, इक्वेडर, एल्साल्भाडोर, जर्जीया, घाना, ग्वाटेमाला, हन्डुरस, जोर्डन, काजकस्थान, केनिया, लेसोथो, लाइबेरिया, म्यासेडोना, मडागास्कर, मलेसिया, माली, मेक्सीको, माल्दोभा, मोजाम्बीक, नामिबिया, नेपाल, निकारागुवा, नाइजर, पाकिस्थान, पपुवा न्यू गिनी, रोमानिया, रसिया, रुवाण्डा, सेनेगल, सर्बीया, सोमालिया, दक्षिण कोरिया, स्पेन, श्रीलंका, साओ तोमे प्रिन्सिपी, थाइल्याण्ड, टिमोर लेष्टे, टोगो, ट्रीनिडाड एण्ड टोबागो, युगाण्डा, युक्रेन, भियतनाम, जाम्बिया |

**हाम्रा प्रमूख ठम्याई यस प्रकार रहेका छन् :**

**१) उत्प्रेरणा र प्रतिकार्य कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका निर्णय प्रक्रियामा जनता र विशेषगरी अति प्रभावित पक्षबाट अत्यन्त नगन्य मात्रामा सुझाव लिइयो वा सुझाव नै लिइएन ।**

कोभिडको वित्तीय र नीतिगत प्रतिकार्य कार्यक्रम तर्जुमा र कार्यान्वयनमा नागरिक सहभागिताको अभ्यास गरिएन, महामारीको समयमा प्राथमिकता निर्धारणमा व्यक्त जनधारणाले महत्व पाएनन् भने आफ्नो कामको प्रभावकारीता अभिवृद्धिमा हुनसक्ने योगदानको उपयोग गर्नबाट सरकार चुक्यो ।

# प्रमूख ठम्याईहरू

*चित्र २ : कोभिड वित्तीय व्यवस्थापन मा जनसहभागिता मापन*




सरकारले पूर्ववजेट प्रस्तुत गर्नुअघि जनसहभागिताका लागि निर्धारण गरेका प्रवन्ध र बजेट कार्यान्वयनका क्रममा हेलो सरकार मार्फत नागरिक सुझाव संकलन जस्ता विधिलाई संकटको समयमा प्रतिकार्यका कार्यको प्रभावकारीता विस्तारमा उपयोग गर्न सकेन ।[1]

**२. सरकारले कोभिड- १९ प्रतिकार्य प्याकेज कार्यान्वयनका सूचना नगन्य मात्रामा प्रवाह गरेको छ ।**

नेपाल सरकारले आपत्कालीन वित्तीय नीति प्रस्तुत गर्ने क्रममा पर्याप्त बृहत अर्थशास्त्रीय आँकडा तथा समग्र बजेट सूचना र नीतिगत प्रवन्ध सम्वन्धी केहि सूचना प्रवाह गरेको भएपनि खर्च सम्बन्धी सूचना प्रवाह गरेको छैन । सरकारको क्षमतामामा प्रश्न उठाएर हजारौं युवाहरूले कोभिड प्रतिकार्यको खर्च सार्वजनिक गर्न र प्रतिकार्यलाई प्रभावकारी बनाउन माग गर्दै इनफ् इज इनफ् को नारा लिएर सडकमा प्रदर्शन गरे ।[2]

*चित्र ३ : नेपालमा कोभिड वित्तीय व्यवस्थापनका विभिन्न क्षेत्रको पारदर्शिता मापन*

| पारदर्शिता | सिमीत |
|---|---|
| **क) प्याकेज प्रस्तुती** | केहि |
| बृहत अर्थ शास्त्रीय र समग्र बजेट सूचना | पर्याप्त |
| नीतिगत प्रवन्ध | केहि |
| सेवाग्राहि र कार्यसम्पादन | सिमीत |
| वित्तीय स्रोत | सिमीत |
| गैर बजेटरी कोष | नगन्य |
| **ख) प्याकेज कार्यान्वयन** | नगन्य |
| कार्यान्वयनको प्रतिवेदन | नगन्य |
| गैर बजेटरी कोष | नगन्य |
| खरीद | नगन्य |

[1] https://gunaso.opmcm.gov.np/home

[2] https://myrepublica.nagariknetwork.com/news/youth-demonstrators-from-enough-is-enough-campaign-resume-protest/

# प्रमूख ठम्याईहरू

**३) पर्याप्त विधायकी निगरानी रहेकोले जवाफदेशितका प्रवन्ध सुदृढिकरण गर्न सकिन्छ ।**

विगठन हुनुपूर्व प्रतिनिधिसभाले महामारीको समयमा जवफदेहिता प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको थियो । उसले आपत्कालीन वित्तीय नीति कार्यान्वयन लगायतका नियमित र विशेष प्रतिवेदन प्राप्त गर्ने, त्यसमाथि बहस गर्ने तथा आपत्कालीन व्यवस्थापनसँग सम्बन्धित नीति कार्यान्वयनको बारेमा थप स्पष्टता हाँसील गर्न कार्यकारी माथि प्रश्न राख्ने र जवाफ लिने जस्ता कार्य गऱ्यो । त्यस अतिरिक्त जिम्मेवार पदाधीकारीलाई जवाफदेहि बनाउन संसदको सार्वजनिक लेखा समितिले स्वास्थ्य सामग्री खरीद र आपूर्तिमा अनियमितता भएको सम्बन्धमा छानविन गऱ्यो ।

*चित्र ४ : नेपालको कोभिड वित्तीय व्यवस्थापनमा संसद र सर्वोच्च लेखा परीक्षण निकायको निगरानी मापन*

| **निगरानी** | केहि |
|---|---|
| विधायकी भूमिका | पर्याप्त |
| महालेखा परीक्षक कार्यालयको भूमिका | सिमीत |

महालेखा परीक्षक कार्यालयका अनुसार नेपालमा महालेखा परीक्षकले तत्काल लेखापरीक्षण गर्ने र निरन्तर अनुगमन गर्ने अभ्यास छैन । यद्यपी, उसले लेखापरीक्षण योजनामा कोभिड सम्वन्धी खर्चको लेखापरीक्षण गर्ने तालिका पनि निर्धारण गरेको छ । सरकारले कोभिड १९ सम्वन्धी खर्चबारे महालेखा परीक्षकको ठम्याईलाई कसरी संबोधन गर्छ भन्ने एकीन हुन भने बाँकी छ ।

# सुझावहरू

## सुझावहरू : संकट र त्यसपछिको समयमा जवाफदेहिता

तत्काल र दिर्घकालसम्म जवाफदेहिता र बहुमुल्य स्रोतको प्रभावकारी र न्यायोचित उपयोगका लागि पारदर्शिता, सहभागिता र निगरानीको सुनिश्चितता आवश्यक छ । २०१९ को खुला बजेट सर्वेक्षणले नेपालमा यी पक्षमा महत्वपूर्ण सुधार गर्नुपर्ने देखाएको थियो । त्यसैले संकटको समय र त्यसपछि पनि जवाफदेहितामा रहेका कमी पुर्तिका कदम चाल्नु अपरिहार्य छ ।

यसै सन्दर्भमा हामी सरकारलाई लागि राज्य र गैर राज्य पक्षसँग मिलेर निम्न कदम चाल्न आव्हान गर्छौं ।

**सुझाव १ : कोभिड १९ को संकट प्रतिकार्यलाई समतापूर्ण र प्रभावकारी बनाउनका लागि जवाफदेहिता सुदृढिकरणमा काम गर्ने ।**

- बजेट कार्यान्वयन, महिला, बालबालिका लगायत सुविधाबाट वञ्चित समुहमा परेको प्रभावको खण्डीकृत विवरण सहितको कार्यसम्पादन तथ्यांक विश्लेषण गरी बजेट वक्तव्यमा प्रस्तुत गरिएका प्रवन्धको कार्यान्वयनको मासिक प्रतिवेदन सार्वजनिक गर्ने ।
- आपत्कालीन खर्चसँग सम्बन्धित खरीद संझौताका सबै सूचना सार्वजनिक गर्ने र सम्भव भएसम्म खुला तत्थ्यांकको स्वरुपमा सार्वजनिक गर्ने ।
- माथि उल्लिखित सवाल लगाएत आपत्कालीन वित्तीय प्रवन्ध तर्जुमा र कार्यान्यनमा समावेशी सहभागिताको पद्धति स्थापना गर्ने । जवाफदेहिता प्रवर्द्धनका लागि सरकार, संसद तथा महालेखा परीक्षकको कार्यालयमा महामारी पूर्व सहभागिताका पद्धति निर्धारण गर्ने अवसरहरू छन् । महालेखा परीक्षक कार्यालयले लामो समयदेखि लेखापरीक्षण प्रक्रियामा नागरिक संलग्नता गराउँदै आएको पनि छ ।
- आपत्कालीन खर्चको संभावित लेखापरीक्षणका लागि महालेखा परीक्षक कार्यालयलाई सवल र स्रोतसधान सम्पन्न बनाउने तथा लेखापरीक्षणका ठम्याई बमोजिम सरकारका तर्फबाट सुधारका कार्य गर्ने ।
- खर्च अनुमोदन गर्ने, सर्वसाधारण, सरोकारवाला र स्वार्थ समुहसँग परामर्श गर्ने, नीति कार्यान्वयनको अनुगमन गर्ने र लखोपारीक्षको ठम्याई कार्यान्वयनको निगरानीको भूमिकासहित  संसदलाई सार्वजनिक स्रोतको संरक्षकको रुपमा स्थापित गर्ने ।

**सुझाव २ : भविष्यमा बहुमूल्य सार्वजनिक स्रोतको न्यायपूर्ण र प्रभावकारी उपयोगको सुनिश्चितताकालागि जवाफदेहिताका प्रणालीहरूको सुदृढिकरण गर्ने ।**

- संकटको समयमा अवलम्वन गर्नुपर्ने भूमिका तथा दायित्वहरू र पद्धती निर्धारणका लागि स्रोत व्यवस्थापन, खरीद, निगरानी तथा सहभागिता सम्बन्धी नयाँ कानून वा नियमलनकारी कार्यविधि निर्माण गर्ने वा समिक्षा र अध्यावधिक गर्ने ।
- महालेखापरीक्षको प्रतिवेदनका ठम्याईहरूको तत्कालै कार्यान्वयन गर्ने तथा संकट र संकटपछि लेखापरीक्षकको निगरानीलाई पर्याप्त र थप सवल बनाउने ।